# सहयोगका लागि हार्दिक अपिल

कोरोना भाइरस (COVID-19) को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट यस पालिकाका प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागी सहयोग गर्न इच्छुक गैरसरकारी क्षेत्र , व्यक्ति , सामाजिक संघ/संस्था वा व्यापारी लगायतले नगद सहयोग गर्न चाहेमा यस गाउँकार्यपालिका कार्यलय चोकदे, नुवाकोट मा अवस्थित नेपाल इन्भेष्टमेन्ट बैंक को **सुर्यगढी गाउँपालिका स्थानिय आकस्मीक कोष खाता नं. 06801400250016** मा सहयोग गर्नहुन र चामल दाल, नुन, तेल, मकै, कोदो, फापर, जौं, गौं, आलु लगायतका अत्यावश्यक खाद्य सामाग्रीहरु र औषधी, उपकरण लगायतका जिन्सी सामाग्रीहरु सहयोग स्वरुप उपलब्ध गराउन चाहेमा गाउँपालिका कार्यालय तथा सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नहुन हार्दिक अपिल गर्दछौं ।

<u>सम्पर्क व्यक्तिः</u>

मन्जु बुढाथोकी ढकाल (उपाध्यक्ष) - ९८५१०६२०७८
यज्ञश्वर पाण्डे (प्रमुख प्रशासकीय अधिकृत) - ९८५११२४३२६
ईमान सिं तामाङ ( १ नं. वडाध्यक्ष) - ९८४३६२९०९९
बासुदेव अधिकारी ( २ नं. वडाध्यक्ष) - ९८४५४९६२३७
ऋषि ब. पौडेल (३ नं. वडाध्यक्ष) - ९८५११३२३१७
राम कुमार गिरी ( ४ नं. वडाध्यक्ष) - ९८४१९९०१२०
भैरव ब. अधिकारी ( ५ नं. वडाध्यक्ष) - ९८४०५८९७६५
महेश राज शर्मा ( लेखा अधिकृत) - ९८४१०४६४२३
नरेन्द्रमान डंगोल (स्वास्थ्य संयोजक तथा जिन्सी शाखा प्रमुख) - ९८४१६८३२२२

यज्ञश्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७६/१२/२३ गतेको सुर्यगढी गाउँपालिकाको गाउँ कार्यपालिका बैठकले गरेको निर्णयहरुः**

१) कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार र राहत वितरणका लागि ३० लाखको स्थानिय आकस्मिक कोष स्थापना गर्ने ,

२) गाउँपालिका अन्तर्गतका विद्यालय, वडा कार्यालय, गाउँपालिका कार्यालयमा कार्यरत सम्पुर्ण कर्माचारीहरुबाट अधिकृत स्तर कर्मचारीबाट जम्मा १० दिन र सहायक स्तरबाट ६ दिन बराबरको तलब रकम कोरोना भाइरस (COVID-19) संक्रमण रोकथाम नियन्त्रण तथा उपचार र राहत वितरणका लागी सहयोग गर्ने ,

३) सुर्यगढी गाउँपालिका भित्र असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धि मापदण्ड २०७६ पारित ,

४) सुर्यगढी गाउँपालिका कार्यालयमा तयारी अवस्थामा रहने गरी पार्टसन सहितको एम्बुलेन्स राख्ने ,

५) यस सुर्यगढी गाउँपालिका भित्रका जुनसुकै किसिमका बिरामीहरुलाई पनि जिल्ला अस्पताल सम्म निःशुल्क रुपमा एम्बुलेन्स सेवा प्रदान गर्ने ,

६) गाउँपालिकामा आईपर्न सक्रे कुनै पनि किसिमको समस्या सामाधान गर्न उपाध्यक्षको नेतृत्वमा ९ सदस्यीय गाउँपालिका स्तरीय एक्सन कमिटि गठन ,

७) राहत प्याकेज अन्तरगत मसिनो चामल ३० के.जी. दाल ३ के.जी. नुन २ प्याकेट, खाने तेल २ लि. साबुन ४ वटा, चिनी २ के.जी. वितरण गर्ने र परिवार संख्या दुई जनासम्म भए माथि उल्लेखित राहत सामाग्रीको आधा र सो भन्दा बढी परिवार संख्या भए पुरै राहत सामाग्री वितरण गर्ने ,

८) यस गाउँपालिकामा एकद्धार प्रणाली अवलम्बन गरी राहत वितरण गर्ने ,

९) यस गाउँपालिकामा सहयोग गर्न गैर सरकारी क्षेत्र, सामाजिक संघ संस्था, व्यापारी, अन्य व्यक्ति लगायतलाई आह्वान गर्ने र नगद तथा खाद्यान्न सामाग्री, औषधीजन्य वस्तु सहयोग गर्न सकिने ,

१०) राहत वितरण वस्तुपरक र पारदर्शि बनाउनका लागी राहत प्राप्त गर्नेहरुको विवरण सङ्कलन गरीसकेको र संकलन प्रक्रीयामा सुचना जारी गरेका वडाहरुले प्याकेज सहितको राहत उपलब्ध गराउन सम्बन्धित वडाहरुका खाद्यान्न आपुर्तिकर्ताहरुबाट २ दिन भित्र मुल्य सुचि लिने र वडा समितिबाट निर्णय गरी नियुक्त गरिएका स्वयमसेवकहरु परिचालन गरी राहत वितरणलाई व्यवस्थित बनाउने ,

११) यस गाउँपालिका भित्रका उद्योगधन्दा, कलकारखाना तथा योजनाहरुमा कार्यरत अन्य स्थानीय तह, जिल्ला वा देशका नागरिकहरुलाई पनि राहत उपलब्ध गराउने ।

परमेश्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

# अनुरोध

कोरोना भाइरस (COVID-19) को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट यस गाउँपालिकामा रहेका हरेक नागरिकहरुलाई कुनै पनि किसिमको समस्या परेमा उल्लेखित **गाउँपालिका स्तरीय एक्सन कमिटी** का कुनै पनि सदस्यलाई सम्पर्क गरि सहयोग लिन अनुरोध गरिन्छ।

<u>तपसिलः</u>

| | | |
|---|---|---|
| मन्जु बुढाथोकी ढकाल | - संयोजक | - ९८५१०६२०७८ |
| यज्ञश्वर पाण्डे | -सदस्य | - ९८५११२४३२६ |
| ईमान सिं तामाङ | -सदस्य | - ९८४३६२९०९९ |
| बासुदेव अधिकारी | -सदस्य | - ९८४५४९६२३७ |
| ऋषी बहादुर पौडेल | -सदस्य | - ९८५११३२३१७ |
| राम कुमार गिरी | -सदस्य | - ९८४१९९०१२० |
| भैरव बहादुर अधिकारी | -सदस्य | - ९८४०५८९७६५ |
| सन्त बहादुर घर्ती | -सदस्य | - ९८४१५४८५०३ |
| नरेन्द्रमान डंगोल | -सदस्य सचिव | - ९८४१६८३२२२ |

यज्ञश्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत